
रैनादेवी छहरा गाउँपालिका

# त्रैमासिक समिक्षा

आ.व.२०८१/८२

प्रथम त्रैमासिक



रैनादेवी छहरा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

# प्रथम त्रैमासिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष: २०८१/८२

### १. परिचय

नेपालको मानचित्रमा मध्य पश्चिम क्षेत्रमा अवस्थित एक ऐतिहासिक पृष्ठ भुमीले सु-सज्जित यस गाउँपालिका संघीय संरचना अनुसार लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुमध्ये पहाडी पाल्पा जिल्लाको पश्चिमी भागमा पर्ने यस जिल्लाकै नमुना गाउँपालिकाको रुपमा चिनिन्छ। यस गाउँपालिकाको नाम रैनादेवी छहरा गाउँपालिका रहेको छ। नेपाल सरकारले संविधानको भावना र मर्म अनुसार तोकिएका अधिकार र दायित्वलाई पुरा गर्ने हेतुले viable, sustainable and competent सरकारको रुपमा र केन्द्र सरकारको विकल्प नभै सहअस्तित्व, सहसम्बन्ध र समन्वयका आधारमा प्रतिस्पर्धाको भावना र जनताको नजिकको सरकारको रुपमा विकास गर्ने मनसायले संरचित पाल्पा जिल्लामा रहेका १० वटा स्थानीय तहहरू मध्ये रैनादेवी छहरा गाउँपालिका पनि एक हो। साविकका ८ गाउँ विकास समितिहरू सिद्धेश्वर, सोमादी, भुवनपोखरी, छहरा, मुझुङ, जुठापौवा, बल्ढेङ्गगढी र सत्यवतीलाई मिलाएर एउटा नयाँ संरचना : रैनादेवी छहरा गाउँपालिका निर्माण भएको हो। कुल क्षेत्रफल १७५.८८ वर्ग किलोमिटरमा फैलिएको यस गाउँपालिकाको २०७८ को जनगणना अनुसार जनसंख्या २३,१४९ रहेको छ। १० वटा स्थानीय तह मध्ये सबैभन्दा धेरै जिल्ला (३ जिल्ला) सँग सिमाना जोडिएको रैनादेवी छहरा गाउँपालिकाको पूर्वमा रिब्दीकोट गाउँपालिका र तिनाउ गाउँपालिका, पश्चिममा आर्घाखाँची जिल्ला, उत्तरमा गुल्मी जिल्ला तथा दक्षिणमा रुपन्देही जिल्ला पर्दछ। ऐतिहासिक धार्मिक धरोहर रैनादेवी मन्दिर र प्रकृतिको अनुपम छटा छहराको समिश्रणबाट यस गाउँपलिकाको नाम रैनादेवी छहरा राखिएको हो। यस गाउँपालिकामा ५१ इ.सि.डी, ३५ प्राथमिक विद्यालय, १५ आधारभुत विद्यालय, १२ माध्यमिक विद्यालय, १ वटा क्याम्पस तथा २ वटा प्राविधिक शिक्षालय रहेका छन्। यस गाउँपालिकामा प्रमुख बजार क्षेत्रको रुपमा अमलाबास बजार, छहरा बजार, जुठा बजार, मेहलढाप बजार रहेका छन् । ती बजारहरूमा स्थानीय जनशक्तिलाई आवश्यक पर्ने विभिन्न खाद्य सामाग्री लगायतका आधारभूत रूपमा आवश्यक पर्ने सम्पूर्ण वस्तुहरू उपलब्ध रहेका छन्। धार्मिक पर्यटन, पर्यापर्यटन, ग्रामिण पर्यटन, खेल पर्यटन, साहसिक पर्यटनको सम्भावना रहेको यस क्षेत्रको प्रमुख पेशा कृषि, व्यापार र नोकरी रहेको छ। खासगरीकन व्यवसायिक रूपमा सुन्तला र टमाटर खेतिका लागि स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रख्यात रहेको यस गाउँपालिकामा अलवा दालचिनी, पाखनवेद, टिमुर, बेसार, गुरास, गुर्जो लगायतका विभिन्न औषधीजन्य जडिबुटीहरू पनि प्राप्त गर्न सकिने हुँदा यस क्षेत्र प्रकृतिको देन नै भन्दा फरक नपर्ला।

मगर समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा क्षेत्री, बाहुन, दमाई, कामी, कुमाल लगायतका विभिन्न जातजाती रहेका छन्। विभिन्न जातजातीमा समन्वयात्मक बहुल संस्कृति रहेको छ। यस गाउँपालिकाका विभिन्न महत्वहरू रहेका छन् जसमा यस गाउँपालिकामा जातअनुसार कालिका पुजा, सोरठी नाच, सराय नाच जस्ता नाचगान हुने गर्दछन् , जातिय संस्कृतिको पहिचान जस्तै : सोरठी नृत्य, कौडा नाँच, रोदी इत्यादी, विभिन्न औषधीजन्य जडिबुटिको उपलब्धता, सेता दन्तलहरले सजिएका हिमालहरूको काखमा स्वचछ र सफा वातावरण, पर्यटन प्रबर्द्धनको लागि अत्याधिक सम्भावना, विभिन्न धार्मिक स्थल रैनादेवी मन्दिर, कालिका मन्दिर, बल्ढेङगढी मन्दिर लगाएतका पर्यटकीय स्थल, फलफुल तरकारीमा आन्तमनिर्भर रहेको छ।

यसै सन्दर्भमा यस गाउँपालिकाका विभिन्न चुनौतिहरु पनि रहेका छन् जसमा गाउँपालिकाको भौगोलिक विकटताका बाबजुद पुर्वाधार विकास गर्नु छरिएर रहेको बस्तीका कारण प्रत्येक नागरिकको घरदैलोसम्म सेवा प्रवाह गर्नु, अधिकांश जनता गरिबीको रेखामुनी रहेको हुँदा तिनिहरुको जीवनस्तरमा वृद्धी गर्नु, भिरालो भेग बढी भएको हुदाँ

पहिरोले जोखिमग्रस्त भुभाग, बसाइसराइ दर उच्च रहेकोले त्यसलाई नियन्त्रण वा न्युनिकरण गर्नु इत्यादी। यि विभिन्न चुनौतिहरु हुदाहुदै पनि यहा अत्यधिक मात्रामा अवसर पनि रहेका छन् जसमा सुन्तला, किवि, मकैजस्ता, कृषीजन्य उत्पादन राम्रो हुने हुदा व्यवसायिक रुपमा कृषि पेशा अपनाई आर्थिक वृद्धि गर्ने ,प्रशस्त मात्रामा सल्ला पाइने हुँदा सल्लाको खोटो संकलन गरी प्रर्याप्त आम्दानी गर्ने, पर्याप्त मात्रामा घाँस स्याउला पाइने हुँदा गाई भैसी बाख्रा पालन गरी दुध, मासुको उत्पादन सजिलै गर्न सकिने, प्रशस्त मात्रामा ढुंगा, गिट्टी पाइने हुदाँ त्यसबाट प्रशस्त मात्रामा राजस्व संकलन गर्न सकिने, दालचिनी, पखान, टिमुर, बेसार, अदुवा, कुरिलो लगायतका जडिवुटी प्रशस्त मात्रामा पाइने हुदा त्यसको व्यापार फस्टाउने, राजस्व संकलन गर्न सकिने, चुनढुङ्गा पर्याप्त मात्रामा पाइने हुदा सिमेन्ट उद्योग स्थापना गरी रोजगार सिर्जना गर्न सकिने,यस गाउँपालिकामा रहेका कालिका, बल्ढेङ्गगढी लगायतका क्षेत्रलाई पर्यटकीय स्थलका स्थापना गरी प्रशस्त आम्दानी गर्ने  जस्ता अनगिन्ति अवसरहरुको यहाँ उपलब्ध रहेका छन् ।

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सेवा प्रवाह, विकास निर्माण, सुशासन तथा समावेशी विकासका कार्यहरू सञ्चालन गर्दै आएको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा सम्पन्न भएका मुख्य गतिविधिहरू, प्रगति, उपलब्धि तथा चुनौतीहरू समेटेर तयार गरिएको हो ।

## २. उद्देश्य

यस प्रतिवेदनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- त्रैमासिक अवधिमा सम्पन्न कार्यक्रमहरूको प्रगति विवरण प्रस्तुत गर्नु
- वित्तीय तथा भौतिक प्रगतिको मूल्यांकन गर्नु
- समस्या तथा चुनौतीहरूको पहिचान गर्नु
- आगामी कार्ययोजनाका लागि सुझाव प्रदान गर्नु

## ३. संस्थागत विवरण

- कुल वडा संख्या : ८
- कर्मचारी संख्या : ८७ जना
- अध्यक्ष : रुक्माङ्गत भट्टराई
- उपाध्यक्ष : युवराज थापा
- प्रमुख प्रशासकीय अधिकृत : कृष्ण प्रसाद तिमिल्सिना

## ४. कार्यक्रम तथा गतिविधिहरूको प्रगति

### ४.१. शाखागत कामको विवरण

#### (क) प्रशासन शाखा

- कर्मचारीको हाजिरी/ विदा अभिलेख अद्यावधिक गरी राखेको ।
- नियमित चिठिपत्रहरुको दर्ता/चलानी अभिलेख बनाई राखेको ।

- रिक्त कर्मचारीहरुको विवरण तयार ।
- करचारीहरुको नियमित बैठक सञ्चालन ।

### (ख) आर्थिक प्रशासन शाखा

क्षेत्रगत बजेट खर्चको अवस्था

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५,२५,०९,०००.०० | ०.०० | ० |
| २ | सामाजिक विकास | ४२,६०,७२,०००.०० | ८,९२,१३,१६३.६५ | २०.९४ |
| ३ | पूर्वाधार विकास | १२,४९,५५,०००.०० | २१,१७,७६०.०० | १.६९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९९,५९,०००.०० | १०,३४,१२१.०० | १०.३८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४४,३९,०००.०० | १,६४,५५,५०२.२३ | १७.४२ |
| **कुल जम्मा** | | **७०,७९,३४,०००.००** | **१०,८८,२०,५४६.८८** | **१५.३७** |

### (ग) योजना तथा अनुगमन शाखा

- चालु आर्थिक वर्षको कार्यक्रमहरुको कार्यतालिका निर्माण ।
- योजना छनोट तथा सम्झौता : २० वटा
- अनुगमन तथा मूल्यांकन : ३ पटक

### (घ) शिक्षा शाखा

- चालु आर्थिक वर्षको कार्यक्रमहरुको कार्यतालिका निर्माण ।
- विद्यालय अनुगमन : ३ वटा

### (ङ) स्वास्थ्य शाखा

- स्वास्थ्य चौकीको डाटा प्रविष्टी, Elmis, Etd DHIS2 तथ्याङ्क सुद्रिढीकरण कार्यक्रम सम्पन्न ।
- स्वास्थ्य कार्यक्रमहरुको आ.व.२०८०/८१ को वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- क्षयरोग सम्बन्धी वार्षिक समिक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न ।
- पी. एन. सि. भेटघाट कार्यक्रमको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।

### (च) कृषि तथा पशु सेवा शाखा

- कृषक समुह/सहकारी नविकरण – १० वटा भएको ।
- व्यवसायिक फर्म दर्ता नविकरण – २५ वटा भएको ।
- अनुदानको रासायनिक मल विक्रेता अनुमतिपत्र नविकरणको कार्य गरिएको ।
- वार्षिक स्विकृत कृषि विकास तथा पशुसेवा कार्यक्रमको निति/कार्यविधी तयार ।

- आलुको विउ वितरण कार्यक्रम सम्पन्न।
- अघिल्लो आ.व.को वार्षिक प्रगति प्रतिवेदन तयार।
- वार्षिक स्वीकृत कार्यक्रमको सञ्चालनको लागि माग संकलन।

### (छ) महिला विकास तथा वालवालिका शाखा

- घुम्ती शिविर मार्फत अपाङ्गता परिचयपत्र तथा गरिब घर पहिचान परिचयपत्र वितरण गरिएको।
- स्विकृत वार्षिक कार्यक्रमहरुको कार्ययोजना निर्माण।

### (ज) प्रधानमन्त्री रोजगार शाखा

- श्रमस्विकृति सम्बन्धी कार्य।
- चालु आर्थिक वर्षका कार्यक्रमहरुको कार्ययोजना निर्माण।

## ५. राजस्व संकलनको अवस्था

- लक्ष्य: रु. १००००००/-
- संकलन: रु. ३२५०१२५.९०/-
- प्रगति: ३२.५०%

राजस्व शिर्षकगत विवरण

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ४१,६४५.२५ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | १,३७,४८४.८४ | |
| ३ | ११३१७ | वहाल कर | २२,८६२.६७ | |
| ४ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ०.०० | |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १५,४५०.५० | |
| ६ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १५,६६,२८२.०० | |
| ७ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ४००.०० | |
| ८ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,२१,९००.०० | |
| ९ | १४२४३ | सिफारिश दस्तुर | ४,१९,३१५.०० | |

| | | | | |
|---|---|---|---|---|
| १० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,५८,७५०.०० | |
| ११ | १४२४५ | नाता प्रमाणित दस्तुर | १३,४५०.०० | |
| १२ | १४२४९ | अन्य दस्तुर | १,३२,४५०.०० | |
| १३ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३,०००.०० | |
| १४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४,६४६.६७ | |
| १५ | १४६११ | व्यवसाय कर | १,१२,१७०.०० | |
| १६ | १५१११ | बेरूजू | २,८८०.०० | |
| १७ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | १९,३६९.६६ | |
| **जम्मा** | | | **३२,५०,१२५.९०** | |

## ६. निष्कर्ष तथा सुझाव

प्रथम त्रैमासिक अवधिमा गाउँपालिकाले विभिन्न क्षेत्रमा सन्तोषजनक प्रगति हासिल गरेको छ। तथापि केही चुनौतीहरूलाई समाधान गर्दै आगामी त्रैमासिकमा अझ प्रभावकारी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

### सुझावहरू :

- स्विकृत कार्ययोजना अनुरुप कार्यक्रम समयमै सम्पन्न गर्नेगरी सबै वडा सचिव र शाखा प्रमुखहरु अगाडि बढ्ने ।
- बजेट कार्यान्वयनमा तीव्रता ल्याउने,
- अनुगमन प्रणाली सुदृढ गर्ने,
- जनसहभागिता अभिवृद्धि गर्ने ।